## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६, संख्याः ५, पौष २९ गते, २०७९ साल

व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

# व्यास नगरपालिका संशोधित आर्थिक ऐन, २०७९

सभाबाट पारित मितिः २०७९।९।२९

व्यास नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

| क्र.सं. | विद्यमानमा भएको व्यवस्था | संशोधन भएको |
|---|---|---|
| १ | अनुसूची १४ (दफा १६ सँग सम्बन्धित) सिफारिस, सेवा र दस्तुर तथा जरिवाना शीर्षकको उपदफा ८) घर नक्शापास दस्तुरको **(६) भवन निर्माण सुपरीवेक्षणमा लाग्ने दस्तुर**ः नगरपालिकाबाट नक्शाापास गरी भवन तथा भवन निर्माण गर्ने व्यक्ति तथा संघ संस्थाहरुले आफ्नो घर तथा भवनको (Supervision) का लागि निजहरुले नै इच्छाइएको कन्सल्टेन्टलाई सुपरीभिजन गर्ने कार्यको जिम्मा दिने साथै सो वापत आर.सि.सि. फ्रेमस्ट्रक्चरका भवनहरुको हकमा कन्सल्टेन्टहरुले यस नगरपालिकाद्वारा निर्धारित नक्शापास क्षेत्र (क) भित्रका भवन तथा भवनहरुको सुपरिभिजन गर्दा पहिलो तलाको रु.८ हजार र त्यसपछि माथिल्लो तलाहरुको प्रति तला रु.४ हजार, नक्शापास क्षेत्र (ख) भित्रका | **खारेज गरिएको** |

| | | |
|---|---|---|
| | घर तथा भवनहरुको सुपरभिजन गर्दा पहिलो तलाको रु.५ हजार र त्यसपछि माथिल्लो तलाहरुको प्रति तला रु.३ हजार र नक्शापास क्षेत्र ( ग) भित्रका घर तथा भवनहरुको सुपरभिजन गर्दा पहिलो तलाको रु.४ हजार माथिल्लो तलाहरुको प्रति तला रु.२ हजार र लोडवेरिङ भवनको हकमा सबै क्षेत्रमा निर्माण हुने एक तले जस्तापातावाला घर तथा भवनको एकमुष्ठ रु.५ सयका दरले सुपरभिजन दस्तुर लिन पाउने तथा कन्सल्टेन्सीहरुले व्यक्ति तथा संघ संस्थाहरुको घर तथा भवनको नक्शा निर्माण तथा सो सम्बन्धी अन्य सम्पूर्ण कार्यहरु गरे वापत (एकमुष्ठ) पिल्न्थ एरियालाई आधारमानी प्रति वर्गफुट बढीमा रु.१०। मात्र दस्तुर लिन पाउने । | |

आज्ञाले
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत